# सर्केगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सर्केगाड, हुम्ला
### कर्णाली प्रदेश, नेपाल

प.सं. ०७७/७८
च.न.

मिति : २०७७/०५/१८

**सामाजिक सुरक्षा भत्ता सम्बन्धी सर्केगाड गाउँपालिका र सिटिजन्स बैंक शाखा कार्यालय सर्केगाड बीच भएको सम्झौता ।**

सबै सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम सर्केगाड गाउँपालिकाको कार्यालय (यस पछि गाउँपालिका भनिने ) र सिटिजन्स बैंक शाखा कार्यालय सर्केगाड (यस पछि बैंक भनिने) बीच सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रर्णाली मार्फत वितरण गर्ने प्रयोजनको लागि निम्न सर्तहरुको अधीनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं र दियौं ।

<u>शर्तहरु</u>

१. गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समुह अनुसार लाभग्राहीहरुको नाम, नागरिकता प्रमाण पत्र नं., सामाजिक सुरक्षा.भत्ता परिचय पत्र नं., (एम आई एस बाट आउने १३ अंकको सामाजिक सुरक्षा परिचय पत्र ननं.) ठेगना, निजले चौमासिक पाउने रकम समेतको पुर्ण विवरण MIS प्रर्णलीमा आधारित विद्युतिय माध्यमबाट (Forward Feed) बैंकलाई उपलब्ध गराउनेछ ।

२. बैंकले गाउँपालिकाबाट प्राप्त विवरण बमोजिम लाभग्राहीहरुको नाममा शुन्य मौज्दातमा सामाजिक सुरक्षा बचत खाता खोल्नेछ । यसरी खाता खोल्दा लाभग्राहीको सामाजिक सुरक्षा भत्ता कारोबारको विवरण देखिन सक्ने गरि १३ अंकको सामाजिक सुरक्षा परिचय पत्र नम्बर बैंकको मुख्य कारोबार गर्ने प्रर्णालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३. ५ बर्ष मुनीका बालबालीकाको हकमा आमा वा संरक्षकबाट खाता संचालन हुनेगरी बचत खाता खोली दिने र आमा वा संरक्षकको दस्तखतबाट खाता संचालन गर्नेछ ।

४. बैंकले लाभग्राहीको खाता खोली सकेपछि लाभग्राहीको नाम र खाता नं. सहितको विवरण विद्युतिय माध्यमबाट गाउँपालिकालाई उपलब्ध गराउनेछ ।

५. गाउँपालिकाले प्रत्यक लाभग्राहीको विवरण Forward Feed मार्फत नाम, लक्षित समुह र पाउने रकम खुलाई एकमुस्ट रकमको चेक हरेक चौमासिकमा बैंकलाई उपलब्ध गराउनेछ ।

६. गाउँपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिन भित्र जम्मा गरी प्रत्यक खातामा जम्मा भएको रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत गाउँपालिकालाई उपलब्ध गराउनेछ ।

# सर्केगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सर्केगाड, हुम्ला
कर्णाली प्रदेश, नेपाल


प.सं. ०७७/७८
च.न.

७. तथ्याङ्क आदान प्रदान गर्दा सुरक्षित API, Forward Feed/ Reverse Feed जस्ता विद्युतिय माध्यमबाट मात्र गरिनेछ ।

८. कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी गाउँपालिकाले तत्काल प्रर्णाली मार्फत बैंकलाई उपलब्ध गराउनेछ । सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी गाउँपालिकामा फिर्ता पठाउनेछ ।

९. बैंकले निष्कृय (Dormant) खाताको विवरण प्रत्यक स्रावण र माघ महिना भित्र गाउँपालिकालाई दिनु पर्नेछ ।

१०. बैकले प्रत्यक चौमासिकमा प्रत्यक खाताबालाको उक्त खाताको कारोबार झल्कने प्रतिवेदन गाउँपालिकालाई दिनेछ । उक्त खातामा जम्मा रहेको रकम मध्य केही वा सवै रकम रोक्का राख्न वा फिर्ता गर्न गाउँपालिकाबाट लेखी आएमा बैंकले सोही बमोजिम रोक्का वा फिर्ता गर्नेछ ।

११. ९० वर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड (क बर्गको) प्राप्त गरेका पूर्ण अपाङ्गता भएका लाभग्राही, अति असक्तता भएको प्रमाणित भएका लाभग्राहीहरुको हकमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक र गाउँपालिकाको समन्वयमा सेवाग्राहीको घरदैलोबाट सामाजिक सुरक्षा भत्ता वितरण ब्यवस्था मिलाई बैंक मार्फत हिसाव मिलान गरिनेछ ।

१२. दुबै पक्षको सहमतीबाट लाभग्राहीहरुलाई सहज ढङ्गबाट रकम उपलब्ध गराउन थप प्रयासहरु गरिनेछ ।

१३. यो सम्झौता तिन आर्थिक बर्षको लागि लागु हुनेछ । यो सम्झौताको समयावधी आपसी समजदारीमा पछि पुःन थप गर्न सकिनेछ ।

१४. यस सम्झौतमा लेखिएका कुराहरु सोही बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| ............................ | ............................ |
| गाउँपालिकाको तर्फबाट | बैंकको तर्फबाट |
| दिपक कुमार आचार्य | अर्जुन रावल |
| प्रमुख प्रशासकिय अधिकृत | शाखा प्रबन्धक |

दिपक कुमार आचार्य
प्रमुख प्रशासकिय अधिकृत

**साक्षी**

| | |
|---|---|
| १. छक्क बहादुर शाही (एम. आई. एस. अपरेटर) | १. |
| २. | २. |

इति सम्बत २०७७ साल ०५ महिना १८ गते ५रोज शुभम् ।